# मानेभन्ज्याङ गाउँपालिका

## कोशी प्रदेश, ओखलढुंगा

# स्थानीय राजपत्र


**खण्डः ३** **भागः २** **संख्याः १६**

**स्वीकृत मितिः २०८०।०६।०८** **प्रमाणिकरण मितिः २०८०।६।१०**


## मानेभन्ज्याङ गाउँपालिका सामुदायिक औषधी कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८०

**प्रसतावनाः** नेपालको संविधान २०७४ मा रहेको स्वास्थ्य सम्बन्धी हकलाई प्रवर्द्धन गर्दै गाउँपालिका भित्रका सबै नागरिकहरुलाई सहुलियत दरमा औषधी उपलब्ध गराई स्वास्थ्य उपचारमा पहुँच अभिवृदि गर्ने वान्छनिय रहेकोले मानेभन्ज्याङ गाउँपालिकाको मिति २०८० मंसिर १८ गतेको बैठकले यो “मानेभन्ज्याङ गाउँपालिका सामुदायिक औषधी कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८०” पारित गरी लागु गरेको छ।

### परिच्छेद – १

### संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** क) यो कार्यविधिको नाम सामुदायिक औषधी कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०८० रहेको छ।

ख) कार्यविधि कार्यपालिकाको बैठकले पारित गरेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) "गाउँपालिका" भन्नाले मानेभन्ज्याङ गाउँपालिका सम्झनु पर्छ।

ख) "कार्यपालिका" भन्नाले मानेभन्ज्याङ गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ।

ग) "अध्यक्ष" भन्नाले गाउँपालिका अध्यक्ष सम्झनु पर्छ।

घ) "उपाध्यक्ष" भन्नाले गाउँपालिका उपाध्यक्ष सम्झनु पर्छ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको कार्यकारी अधिकृत सम्झनु पर्छ।

च) "कार्यविधि" भन्नाले यस मानेभन्ज्याङ गाउँपालिका सासमुदायिक औषधी कार्यक्रम सञ्चालन कार्यविधि सम्झनु पर्छ।

छ) "गाउँपालिका क्षेत्र" भन्नाले मानेभन्ज्याङको भुभाग सम्झनु पर्छ।

ज) "वडा" भन्नाले मानेभन्ज्याङ गाउँपालिका भित्र रहेका वडाहरु सम्झनु पर्छ।

झ) "औषधी" भन्नाले रोगि व्यक्तिका लागि उपचार तथा रोगथामका लागि प्रयोग गरिने रासायनिक तथा अरासायनिक पदार्थ सम्झनु पर्छ।

ञ) "दिर्घरोग वा दिर्घरोगी" भन्नाले मुटुरोग, मृगौला, क्यान्सर, पार्किन्सन, स्पाइनल इन्जुरि, हेड इन्जुरी, सिक्कलसेल एनेमिया, मधुमेह र दम जस्ता प्रकृतिका लामो समयसम्म दैनिक रुपमा औषधी सेवान गर्नु पर्ने रोगहरु सम्झनु पर्छ।

ट) "अशक्त अपाङ्ग" भन्नाले शारीरिक, मानसिक, वौदिक, वा इन्द्रियसम्बन्धी दिर्घकालिन अशक्तताका कारण अन्य व्यक्तिसरह समान आधारमा पुर्न र प्रभावकारी ढङ्गले सहभागी हुन वाधा भएका व्यक्ति सम्झनु पर्छ।

ठ) "गरिव वा अति गरिव" भन्नाले जीवनयापनका लागि चाहिने आधारभूत आवश्कताको अभाव भएको व्यक्ति सम्झनु पर्छ।

ड) "ज्येष्ठ नागरिक" भन्नाले साठी वर्ष उमेर पुरा गरेको नेपाली नागरिक सम्झनु पर्छ।

ढ) "व्यवस्थापन समिति" भन्नाले सामुदायिक औषधी कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका लागि बनेको समिति सम्झनु पर्छ।

ण) "कार्यक्रम" भन्नाले सामुदायिक औषधी कार्यक्रम सम्झनु पर्छ।

त) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्छ।

३. **उद्देश्यः**

क) नेपाल सरकारले तोकेको ९८ प्रकारका औषधी बाहेक अन्य औषधी सहुलियत दर र सर्वसुलव रुपमा उपलब्ध गरिनेछ।

ख) दिर्घरोगिहरुलाई आवश्यक अनुसार औषधी तथा अन्य औजार उपलब्ध गरिनेछ।

ग) सेवा ग्राहिहरुलाई सामुदायिक औषधी कार्यक्रमबाट सञ्चालन समितिको निर्णय बमोजिम ५ देखि १०% छुटमा औषधी उपलब्ध गराइनेछ।

ग) दिर्धरोगी, अशक्त अपाङ्ग, अति गरिब र ज्येष्ठ नागरिकहरुलाई गाउँपालिका तथा वडा कार्यालयको सिफारिसको आधारमा निःशुल्क वा १०, देखि ५० प्रतिशत सम्म छुटको व्यवस्था गरिनेछ।

घ) गाउँपालिकाको समन्वयमा आवश्यक अनुसार विशेषज्ञ डाक्टरको उपस्थितिमा निःशल्क स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।

ङ) जनतासँग चेतनामुलक कार्यक्रम गरिनेछ ।

**४. कार्यक्षेत्र**

यस कार्यविधिको कार्यक्षेत्र मानेभन्ज्याङ गाउँपालिका भित्रका नागरिकका हकमा मात्र लागू हुनेछ।

## परिच्छद – २

## सामुदायिक औषधी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

**५. सामुदायिक औषधी कार्यक्रम सञ्चालन देहाय बमोजिम हुनेछ।**

क) मानेभन्ज्याङ गाउँपालिका भित्रका नौ वडा अन्तरगत रहेका स्वास्थ्य संस्था रहनेछ।

**६. जिन्सी व्यवस्थापन विधि**

क) सामुदायिक औषधी पसलमा प्राप्त खप्ने तथा खर्च भएर जाने जिन्सी सामानको व्यवस्थापन नेपाल सरकारले निर्धारण गरेको फारमको आधारमा समिति तथा कारमचारीले व्यवस्थापन गर्ने छ ।

**७. सामुदायिक औषधी कार्यक्रम समिति तथा बैठक सम्बन्धी व्यवस्था**

१) सामुदायिक औषधी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिम गाउँपालिकाको हकमा सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

क) गाउँपालिका अध्यक्ष – अध्यक्ष

ख) गाउँपालिका उपाध्यक्ष – सदस्य

ग) गाउँपालिका प्रमुख प्रशासकीय अधकृत – सदस्य

घ) सामाजिक विकास समिति संयोजक – सदस्य

ङ) कार्यपालिका सदस्य महिला १ जना – सदस्य

च) महिला समुदायिक स्वास्थ्य स्वंय सेविका १ जना – सदस्य

छ) स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

२. सामुदायिक औषधी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिम वडाको हकमा सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

क) गठित स्वास्थ्य व्यवस्थापन समिति नै रहने छ ।

३) व्यवस्थाप समितिको बैठक आवश्यकता अनुसार अध्यक्षको निर्देशनमा सदस्य सचिवले जानकारी दिनेछ। बैठक सञ्चालन विधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ। भर्चुअल बैठकलाई पनि आधिकारिक बैठक मानिने छ।

३) बैठक भत्ता तथा बैठक खर्च सामुदायिक औषधी कार्यक्रम सञ्चालन कोषबाट बेहोरिनेछ ।

४) बैठकको गणपुरक संख्या बहुमतलाई मानिनेछ।

५) बैठकले निर्णय गर्दा सर्बसम्मतका आधारमा मात्र गर्नेछ ।

**८. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**

क) सामुदायिक औषधी कार्यक्रमको औषधी खरिद गर्ने ।

ख) सामुदायिक औषधी कार्यक्रमको व्यवस्थापन र रेखदेख गर्ने ।

ग) समितिको नियमित बैठक बस्ने ।

घ) सामुदायिक औषधी कार्यक्रम सञ्चालनबारे बृहत छलफल गर्ने ।

ङ) वितरण गरिने औषधीको गुनस्तर कायम गर्ने, सेवा प्रवाहलाई चुस्त र गुणस्तरयुक्त बनाउने ।

च) गाउँ कार्यपालिकाको बैठकमा मासिक प्रगति विवरण तयर गरी पेश गर्ने।

छ) सामुदायिक औषधी कार्यक्रम समस्याको बारेमा गाउँपालिकालाई जानकारी दिने ।

ज) आवश्यक वार्षिक बजेट तयारी गरी कार्यपालिकामा पेश गर्ने ।

झ) सामुदायिक औषधी कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेट व्यवस्थापनको लागि विभिन्न दातृ निकाय तथा अन्तर सरकार निकायमा प्रस्ताव पेश गर्ने तथा बजेट माग गर्ने ।

## परिच्छेद – ३

## सामुदायिक औषधी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

**९. कर्मचारी व्यवस्थापन**

१) पालिकाको हकमा

क) आर्थिक तथा अन्य जिन्सी स्वास्थ्य शाखा प्रमुख वा व्यवस्थापन समितिले तोकेको व्यक्तिको जिम्मेवरीमा रहने छ।

ख) आर्थिक तथा अन्य जिन्सी सामानहरु तल माथि भएमा व्यवस्थापन समिति र स्वास्थ्य शाखा प्रमुख वा व्यवस्थापन समितिले तोकेको जिम्मेवरी व्यक्तिले बेहोर्नु पर्नछ ।

२) वडाको हकमा

क) आर्थिक तथा अन्य जिन्सी स्वास्थ्य चौकी प्रमुख वा व्यवस्थापन समितिले तोकेको व्यक्तिको जिम्मेवरीमा रहने छ।

ख) आर्थिक तथा अन्य जिन्सी सामानहरु तल माथि भएमा व्यवस्थापन समिति र स्वास्थ्य शाखा प्रमुख वा व्यवस्थापन समितिले तोकेको जिम्मेवरी व्यक्तिले बेहोर्नु पर्नछ।

**१०. कर्मचारीको सेवा सुविधा**

१) पालिका तथा वडाको हकमा

क) आर्थिक तथा अन्य जिन्सी जिम्मेवार तोकेको व्यक्तिलाई ५ देखि १० प्रतिशत सम्म व्यवस्थापन समितिको निर्णय अनुसार सेवा सुविधा उपलब्ध गरिने छ।

ख) सेवा सुविधा तोक्ने अधिकार पालिका स्तरिय व्यवस्थापन समितिको रहने छ ।

**११. औषधी व्यवस्थापनः**

क) सामुदायिक औषधी कार्यक्रम सञ्चालनका लागि नेपाल औषधी व्यवस्था विभागले मान्यता दिएको मान्यता प्राप्त कम्पनीको औषधीहरु पालिका स्तरिय समितिको निर्णयमा खरिद गरिने छ ।

**१२. अनुगमन सम्बन्धि व्यवस्थाः**

क) यस सामुदायिक औषधी कार्यक्रमको व्यवस्थापन, औषधीको गुणस्तर, समस्य र सेवा प्रवाहबारे निर्णय तथा अनुगमन मानेभन्ज्याङ गाउँपालिकाबाट मासिक तथा त्रैमासिक रुपमा गरिने छ।

**१३. कोष सम्बन्धि व्यवस्थाः**

१) सामुदायिक औषधी कार्यक्रम सञ्चालनार्थ समितिको मातहतमा रहने गरी एक कोष हुनेछ।

२) कोषको सञ्चालन सामुदायिक औषधी कार्यक्रम सञ्चाल समिति अध्यक्ष वा निजले तोकेको समिति भित्रको सदस्य र सदस्य सचिवको संयुक्त दस्तखमा हुनेछ।

३) कोषमा देहाय रकम रहनेछ।

क) गाउँपालिकाबाट वार्षिक विनियोजित बजेट रकम।

ख) सरकारी गैर सरकरी संघ/संस्था तथा अन्य दाताले लिखित घोषणा गरी कानुन बमोजिम प्रदान गर्ने रकम।

ग) कुनै पनि विदेशी नागरिक वा नेपाली नागरिकले लिखित घोषणा गरी कानुन बमोजिम स्वच्छिक रुपमा प्रदान गर्ने रकम।

घ) कोषको लागि अभियानबाट प्राप्त हुने रकम।

ङ) अन्य स्रोतबाट कानुन बमोजिम प्राप्त हुने रकम ।

४) कोषको लेखा परिक्षण प्रचलित कानुनको अधिनमा रही गाउँपालिकाको लेखा परिक्षण सँगै गरिनेछ।

## परिच्छेद – ५

## खारेजी वा बचाउ

१४. यस कार्यविधिमा भएका व्यवस्थाहरु संघीय कानुन तथा प्रदेश कानुनसँग बाझिन गएमा बाझिएको हदसम्म वदरभागी हुनेछ।

१५. यो कार्यविधिको संशोधन वा कुनै दफा खारेजी गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ।

**आज्ञाले**

छविलाल राई

प्रमुख प्रशासकिय अधिकृत